# अध्याय -४

# परमेश्वरका पनि आचार तथा नीतिनियमहरू छन्

## हाम्रो विशेष उत्तरदायित्व

परमप्रभु सनातन परमेश्वर सारा जगत् ब्रम्हाण्डको सर्वोच्च शासक हुनुहुन्छ। उहाँको राज्यशासनमा उहाँले संविधान, आचारसंहिता र नीतिनियमहरू नियुक्त गर्नुभएको छ। ती केवल सबै जीवजीवात्माको निम्ति मात्र नभएर सबै प्राकृतिक संरचनाहरूको निम्ति पनि हो। प्रत्येक थोक, चाहे ठुलो होस् वा सानो होस्, जीवित होस् वा अजीवित होस्, सबै निर्धारित नियमहरूमा चलिरहेको हुन्छ। ती नीतिनियमहरूलाई कसैले पनि बेवास्ता गर्न सकिँदैन। ती नियमहरूमा अपवाद भन्नेछैन। ईश्वरीय हातले सृष्टि गरिएका सबै थोकमा ईश्वरीय दिमागले बिर्सेको हुँदैन। प्राकृतिक सम्पदालाई सञ्चालन गर्न प्राकृतिक नियम भएतापनि केवल मानिस मात्र बौद्धिक प्राणी हो। केवल मानव प्राणीले मात्र परमेश्वरका व्यवस्था वा नीतीहरूका आवश्यकताहरूलाई बुझ्न सक्छ र उसलाई मात्र नैतिक नियम वा व्यवस्थाप्रति उत्तरदायित्व सुम्पिएको छ। परमेश्वरको सृष्टिको शीर्षस्थ सृष्टि मानव प्राणी हो। परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको पवित्र दावीलाई महसुस गराउने चेतना मानिसलाई मात्र दिइएको छ। यी आज्ञा वा आचारसंहिता पवित्र, न्यायी र असल छ भन्ने महसुस गराउन र ती प्रति आशक्त पार्न केवल मानव प्राणीको हृदयलाई मात्र सक्षम बनाइएको छ। यसका आवश्यकताहरूलाई सिद्ध रूपमा पालन गर्न मानव प्राणीलाई मात्र शीघ्र जिम्मेवारी दिइएको छ। तर परमेश्वरले मानव प्राणीमाथि आफ्नो व्यवस्था वा नीतिलाई जबरजस्ती लाद्नुहुन्न। परमेश्वरका आज्ञाहरूलाई मान्ने वा नमान्ने आत्मनिर्णयको स्वतन्त्रता मानिसलाई नै सुम्पिएको छ। नैतिक रूपमा मानिस स्वतन्त्र प्राणी हो। उसको स्वतन्त्रतालाई उसको अनुमति बिना हराउन कसैलाई अधिकार दिइएको छैन।

मानिसको व्यक्तिगत जिम्मेवारीको विषय केवल थोरैले मात्र बुझेका छन्। तर त्यस जिम्मेवारीलाई अत्यन्तै महत्त्वपूर्ण मान्नु जरुरी छ। परमेश्वरको आज्ञालाई शिरोपर गरेर बाँच्ने कि उहाँको आज्ञालाई उल्लङ्घन गर्दै उहाँको प्रभुत्वलाई अस्वीकार गर्दै बाँच्ने? यो निर्णय प्रत्येक मानव प्राणीलाई सुम्पिएको छ। तर हाम्रा हितका निम्ति परमेश्वरले दिनुभएका नीतिनियम वा

आज्ञाहरूलाई पालन नगर्दा हामी नै जोखिममा पर्छौं र हामीले नै दण्ड भोग्नुपर्छ। त्यसकारण, प्रत्येक व्यक्तिका सामु यो प्रश्न कडाइकासाथ खडा भइरहेको हुन्छ, के मैले सिनैको पहाडमा स्वर्गबाट आएका दश आज्ञाहरूको निर्देशनलाई शिरोपर गर्ने वा दश आज्ञाहरू पालन गर्नुपर्दैन भनेर कतिपय इसाई जमातसँग हातेमालो गरेर ती आज्ञाहरूलाई मिचेर अगाडि बढिरहने? जो येशूभक्तहरू परमेश्वरलाई हृदयदेखि प्रेम गर्छन् तिनीहरूले दश आज्ञाहरूलाई पालन गर्न र उहाँलाई प्रशन्न पार्ने कामहरू गर्न  अति आनन्द मान्दछन्। तर मानिसको स्वभावैले हृदयदेखि परमेश्वरको व्यवस्था वा दश आज्ञालाई घृणा गर्दछ र त्यसका दिएका पवित्र नीति वा आचरणहरूको खिलाफमा युद्ध गरिरहेको पाइन्छ। परमेश्वरबाट आएको आत्मज्ञानको ज्योतिलाई अज्ञाल्न मानिसहरूले आफ्नो हृदय बन्द गरिराखेको हुन्छ। तिनीहरूकै विवेकमा चम्किरहेको सुमार्ग अनुसार चल्न तिनीहरूले अस्वीकार गरिरहेका हुन्छन्। परमेश्वरको निगाहमा रहेको शुद्ध हृदय र तिनीहरूको निम्ति स्वर्गको आशालाई तिनीहरूको स्वार्थी सोख वा सांसारिक फाइदाको निम्ति बलि चढाइरहेका हुन्छन्।

भजनका लेखकले दश आज्ञाका बारेमा यसरी मुक्तकण्ठले तारिफ गर्छन्," परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। परमप्रभुका नियमहरू सही छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने।" भजन १९:७-८। यहोवाको व्यवस्था वा नीतिहरू कति सरल र अचम्मको छ, कति व्यापक र सिद्ध छ! यो यस्तो छोटकरीमा छ कि हामी सबैले यसका प्रत्येक नीतिलाई कण्ठ गर्न सक्दछौं। यसले परमेश्वरको इच्छालाई हाम्रो जीवनको प्रत्येक पक्षमा लागु गर्न सक्छौं। यसलाई औपचारिक रूपमा मानेर देखाउने मात्र होइन, तर हाम्रा हृदयका सबै सोच र नियतहरूमा, चाहना र भावनाहरूमा यसरी अड्डा जमाउन दिनुपर्दछ। मानिसले बनाएका व्यवस्था वा नीतिहरू मानव हृदयमा यसरि अड्डा जमाउन सक्दैन। मानव नीतिहरू केवल बाहिरी रूपमा मात्र पालन गराउन सकिन्छ। मानिस अपराधी वा नीतिलाई मिचेर चल्न सकिएला र मानिसका आँखाहरू सामु उसका नराम्रा  कामहरू लुकाउन सकिन्छ। ऊ भ्रष्ट होला, चोर होला, परस्त्रीगमन गर्ने होला वा हत्यारा पनि होला। उसका अपराधहरूलाई भण्डाफोर नगरुञ्जेल उसलाई कसैले दोषी ठहराउन सक्दैन। मानव हृदयमा अड्डा जमाइराखेका डाहा, ईर्ष्या, घृणा, घातक नियत, बदला लिने भावना,

कामवासना, लालच र दिमागमा चढ्ने महत्वाकाङ्क्षाहरू बाहिर नदेखाउला, तर परमेश्वरले दश आज्ञाद्वारा हेरिरहेको हुन्छ। ती मनका घातक मिजासहरू कार्यान्वयन गर्न मानिसले मौका पायो खोजिरहेको हुन्छ। ती सबै पापमय भावना र मिजासहरू न्यायको दिनमा भन्डाफोर गरिनेछ। उपदेशकमा यसरी प्रकट गरिएको छः "हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।"उपदेशक १२:१४।

## आज्ञा पालन गर्दा पाउने आनन्द, सन्तुष्टि र खुशी

परमेश्वरको व्यवस्था वा दश आज्ञा सरल छ र सबैले सजिलैसँग बुझ्न सक्दछन्। आफूले बुझेको मात्र विश्वास गर्न सकिन्छ भनेर कतिपय मानिसहरू घमण्डसाथ गर्व गर्दछन्। मानव जीवनमा कतिपय रहस्यहरू छन् र प्रकृतिका कामहरूद्वारा परमेश्वरको शक्तिलाई प्रकट गर्ने रहस्यहरूको बारेमा तिनीहरूले बिर्सेका हुन्छन्। ती रहस्यहरूलाई गहिरो दर्शन वा बौद्धिक ज्ञान र अत्यन्त व्यापक खोजअनसुन्धानद्वारा व्याख्या गर्न असमर्थ भइरहेका हुन्छन्। तर परमेश्वरको व्यवस्था वा दश आज्ञामा कुनै पनि रहस्य छैन। यसमा सजिएका सबै महान् सत्यहरूलाई सबैले बुझ्न सक्दछन्। दिमाग कमजोर भएका मानिसहरूले पनि यसलाई बुझ्न सक्दछन्; अत्यन्तै अज्ञानीहरूले पनि यसलाई हृदयङ्गम गरेर आफ्नो जीवनमा लागु गर्न सक्छन्। परमेश्वरको स्तर वा दश आज्ञाको अनुसार सबैले चरित्र ढाल्न सक्दछन्। यदि आफ्नो क्षमताले भ्याएसम्म परमेश्वरको आज्ञालाई पालन गरेमा मानव प्राणीले परमेश्वरका उद्देश्य र योजनाहरू अझै बढी बुझ्न बौद्धिक क्षमता र शक्ति पाउनेछ। यी बुझ्ने सशक्तरिकरण यस वर्तमान जीवनमा मात्र होइन तर अनन्तको युगसम्म रहिरहनेछ। हामीले जतिसुकै परमेश्वरको ज्ञान, बुद्धि र शक्तिलाई बुझे पनि त्यसको अन्त्य कहिल्यै हुनेछैन। स्वर्गको जीवनमा परमेश्वरको आत्मज्ञान हाम्रा निम्ति अनन्तसम्म प्रगतिशील र अपार भइरहनेछ।

परमेश्वरको दश आज्ञाले उहाँलाई सर्वोच्च रूपमा प्रेम गर्नुपर्छ र आफ्ना छिमेकी वा मानव प्राणीलाई आफूलाई जस्तै प्रेम गर्नुपर्छ भनेर निर्देशन दिएको छ। यदि यो प्रेममा कोही येशूभक्त आशक्त भएन भने उसले आफ्नो विश्वासको बारेमा जतिसुकै भाषण गरेतापनि उसले धर्मको नाउँमा नाटक गरिरहेको हुन्छ र ऊ पाखण्डीको पङ्तिमा उभिरहेको हुन्छ।

दश आज्ञाको नीतिमा चल्न हाम्रो मुक्तिको लागि मात्र आवश्यक छैन तर हाम्रै खुशी र आनन्दको निम्ति मात्र होइन तर हामीसँग सम्पर्कमा आएका सबैले हाम्रो आनन्दमा सहभागी गराउन हो। परमेश्वरको वचनले यो वाचा दिएको छ, " तपाईंको व्यवस्थासँग प्रेम गर्नेहरूलाई ठुलो शान्ति हुन्छ, र तिनीहरूले ठेस खाने कुनै कारण रहँदैन।" भजन ११९:१६५। यद्यपि सीमित ज्ञान भएका इसाईहरूले नै यस पवित्र, न्यायी, असल व्यवस्था, मानिसलाई पापबाट स्वतन्त्र राख्ने व्यवस्थालाई बन्धन बनाउने वा मानिसले बोक्नै नसक्ने भारी आचारसंहिता भनेर अनेक किसिमले प्रचार प्रसार गरिरहेकाछन्। तिनीहरूले यो बिर्सन्छ कि यी आज्ञाहरू कुनै मानव दर्शन वा मोशाबाट सिर्जिएका नभएर परमेश्वर आफैले सृष्टि अघि वा सृष्टिदेखि नै मानव कल्याणका निम्ति दिनुभएको हो। दश आज्ञाको जुवा बोक्नु कठिन दासत्वमा रहनु हो भनेर चाहे इसाई नै किन नहोस्, पापमा रमाउनेहरूले सिकाउँदछन्। ती आज्ञालाई उल्लङ्घन गरेर चाहनेहरूले यस आज्ञाका नीतिहरूको सुन्दरतालाई देख्न र बुझ्न सक्दैनन्। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्: "किनभने पापमय स्वभावअनुसार चल्नेहरूले शरीरका कुरामा मन लगाउँछन्, तर आत्माअनुसार चल्नेहरूले आत्माका कुरामा मन लगाउँछन्। किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो। किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो। परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ। पापमय स्वभावको वशमा हुनेहरूले परमेश्वरलाई प्रसन्न पार्न सक्दैनन्।" रोमी ८:५-८।

## "तिमीले नगर्नु" भन्दा पनि अपार

हामी भीषण दुष्टताको युगमा बाँचिरहेका छौं। असङ्ख्य मानिसहरू पापका संस्कार र खराब बानीव्यहोराको दासत्वमा छन्। तिनीहरूलाई बाँधिराख्ने सिक्रीलाई चुँडाल्न मुस्किल छ। अन्याय, अत्याचार, आतङ्क, विकृति र खराब तत्त्वहरूले यस पृथ्वीमा बाढी जस्तो आएर मानिसहरूलाई धोखा दिइरहेकाछन्। उल्लेख गर्दा पनि त्रासले दिमागलाई नै कम्पन गराउने अपराध र आतङ्क दिन दिनै अड्डा जमाइरहेका छन्। तैपनि परमेश्वरका पहरेदार भनेर दावी गर्ने इसाईहरूले नै दश आज्ञा त केवल यहूदीहरूका निम्ति मात्र हो भनेर सिकाइरहेकाछन् र विभिन्न सञ्चार माध्यमहरूद्वारा प्रचार गरिरहेका छन्। येशूको सुसमाचारको महिमित युगमा हामी पस्त्रियपछि यहूदीहरूलाई मात्र

दिएको दश आज्ञाको औचित्य समाप्त भयो भनेर ठुलो ठुलो स्वरले कतिपय इसाईहरू चाहे जतिसुकै बाइबलका विद्वान वा प्रचारकहरूले नै सिकाएर येशूभक्त समाजमा भ्रम फैलाइरहेका छन्। के इसाई भनाउँदाहरूले नै परमेश्वरको आज्ञा पालन गर्नुपर्दैन भनेर सिकाउने अव्यवस्थित जीवन र अनेकौं जघन्य अपराधको बिचमा सम्बन्ध छैन र? बाइबलका अनेकौं धर्मगुरु वा पास्टर र अगुवाहरूले नै व्यवस्था पालन गर्नुपर्दैन र यसको बन्धनबाट हामी मुक्त भयौं भनेर सिकाइरहेको र प्रचार भइरहेको परिप्रेक्षमा इसाई भनेर दावी गर्नेहरूको जीवन नै गतिछाडा भइरहेको हामीले देखिरहेकाछैनौं र?

दश आज्ञाको दायरामा बस्न नरुचाउनेहरू दोषी हुनु भनेको तिनीहरू के गरेर दोषी ठहर्छ मात्र नभएर के नगरेर पनि दोषी ठहर्छ? परमेश्वरले दिनुभएको कुनै पनि निर्देशन वा नीतिलाई पन्छाएर हामी ठिकै गरिरहेका छौं भनेर चल्नु आफूले आफैंलाई धोखा दिइरहेको हुन्छ। हामी खराब काम गर्नबाट मात्र रोक्ने होइन तर असल वा भलो काम गर्न पनि सक्रिय हुनुपर्दछ। अरूको हित खोज्न र अरूको असल गर्न परमेश्वरले हामीलाई शक्तिसम्पन्न गराउनुभएको छ। यदि त्यस शक्ति वा अधिकारलाई हामीले प्रयोग गरेनौं भने परमेश्वरका सामु हामी दुष्ट र खराब नोकरहरू जस्तै ठहरिनेछौं। हामीले कुनै गम्भीर अपराध वा पापहरू नगरौंला वा हाम्रा सानातिना भूलहरू परमेश्वरको खातामा दर्ता नगरिएला, तर हाम्रा कामहरू शुद्ध, असल, आदर्श, स्वच्छ नियत र उचिलिएको भनेर परमेश्वरको खातामा दर्ता भएन भने हाम्रो जिम्मामा दिएका दक्षता, प्रतिभा, सीपहरूलाई प्रगति गर्दै अघि बढीरहेका छैनौं भने हामी पनि दोषी ठहरिनेछौं।

मानव प्राणीलाई सृष्टि गर्नुभन्दा अघि परमेश्वरको व्यवस्था वा दश आज्ञाको अस्तित्व थियो। ब्रम्हाण्डका पवित्र जीवहरूको अवस्थालाई सुचारु राख्न यो व्यवस्था दिइएको थियो। स्वर्गदूतहरू पनि यही व्यवस्थाका मुनि चलिरहेका हुन्छन्। आदम र हव्वाको पतन भएतापनि धार्मिक जीवनका सिद्धान्त वा नीतिहरू परिवर्तन भएका थिएनन्। दश आज्ञा वा व्यवस्थाबाट एक बुँदा पनि हटाइएको थिएन। त्यहाँ कोरिएका पवित्र नीतिहरूलाई थपघट वा सुधारिएको थिएन। जसरी दश आज्ञा वा व्यवस्थाको अस्तित्व सुरुदेखि नै थियो त्यसरी नै युगौं युगसम्म यसले निरन्तरता पाइरहनेछ। भजनका लेखकले यसरी ठोकुवा गर्दछन्, "हे परमप्रभु, तपाईं नजिकै हुनुहुन्छ, र तपाईंका सबै आज्ञाहरू सत्य छन्। अतीतदेखि नै तपाईंका कानूनहरूबाट मैले सिकें, कि तपाईंले तिनीहरूलाई सदासर्वदा रहून् भनी स्थापना गर्नुभयो।" भजन ११९:१५१-१५२।– *सेलेक्टेड मेसेजेज्,* १:२१६-२२०।